मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## राजस्व बाँडफाँडको रकम नतिर्ने स्थानीय तहहरुको सशर्त अनुदान कटौती

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकारले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बाँडफाँटको रकम नतिर्ने स्थानीय तहहरूको सशर्त, विशेष तथा समपूरक अनुदान कटौती गर्ने तयारी गरेको छ । यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न प्रक्रिया अघि बढाइएको प्रदेश सरकारले जनाएको छ । प्रदेशका १३६ स्थानीय तहमध्ये २५ स्थानीय तहले कुल ६२ करोड २९ लाख रुपैयाँभन्दा बढी राजस्व प्रदेश सञ्चित कोषमा जम्मा नगरेको पाइएको हो । महालेखापरीक्षकको प्रतिवेदनले समेत उक्त रकम बक्यौता रहेको औंल्याएको छ । प्रतिवेदनअनुसार निजगढ नगरपालिकाले सबैभन्दा बढी २३ करोड ९२ लाख रुपैयाँ राजस्व बुझाउन बाँकी राखेको छ ।
यस्तै वीरगंज महानगरपालिकासहित धनुषा, महोत्तरी, सर्लाही, सिरहा, रौतहट, बारा र पर्साका अन्य स्थानीय तहहरूले पनि लाखौंदेखि करोडौं रुपैयाँसम्म राजस्व नबुझाएको जनाइएको छ ।
मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सरकारको हिस्सा नबुझाउने स्थानीय तहलाई अनुदान रोक्ने व्यवस्था लागू गर्ने तयारी भइरहेको बताएका छन् ।

वर्ष ४ • अंक २०१ • २०८३ साल जेष्ठ २६ गते मंगलबार • Tuesday 09, June 2026 • सूर्योदय: बिहान ०५:१० बजे • सूर्यास्त: साँझ ०६:५८ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# वीरगंजका मेयर सिंहविरुद्ध भ्रष्टाचारको मुद्दा दायर

मधेशदृष्टि
वीरगंज।
झुटा कागजात पेस गरी नागरिकता दिलाएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित ७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।
आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार अर्कैकी छोरीलाई आफ्नो भनी कागजात तयार गरी नागरिकता दिलाएको आरोपमा मेयर सिंहसहितका व्यक्तिविरुद्ध मुद्दा दायर गरिएको हो। अख्तियारले सिन्धुपाल्चोककी रिता भट्टराईलाई पनि प्रतिवादी बनाएको छ, जसले मेयर सिंहको छोरी बनी नागरिकता लिएको आरोप छ। त्यस्तै वीरगंज–३ का तत्कालीन वडा सचिव भिखारी राय र तत्कालीन कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराईविरुद्ध पनि मुद्दा दायर गरिएको छ।
यसैगरी, गृह मन्त्रालयको छानबिन समितिका संयोजक तथा तत्कालीन उपसचिव पुस्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेललाई पनि प्रतिवादी बनाइएको अख्तियारले जनाएको छ। मेयर सिंहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११, १२ र १९ को उपदफा (२) अनुसारको कसुरमा संलग्न रही मतियारका रूपमा भूमिका निर्वाह गरेको दाबी गर्दै सोही ऐनको दफा २२ बमोजिम मुख्य कसुरदारसरह सजायको माग गरिएको छ।
यसअघि सोही प्रकरणमा पक्राउ परेका मेयर सिंहलाई पर्सा जिल्ला अदालतले जेठ १९ गते धरौटीमा रिहा गर्न आदेश दिएको थियो।



# विपक्षीको अवरोधले मधेश प्रदेशसभामा नीति तथा कार्यक्रममाथिको छलफल ठप्प




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथिको छलफल दुई सातादेखि अवरुद्ध बनेको छ । प्रतिपक्षी दलहरूको निरन्तर विरोधका कारण प्रदेशसभा बैठक नियमित रूपमा सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रमसँगै बजेट निर्माण प्रक्रिया पनि प्रभावित भएको छ।
प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले जेठ १५ गते प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। जेठ १८ गतेबाट छलफल प्रक्रिया सुरु भए पनि अर्को दिनदेखि विपक्षी दलहरूको अवरोधका कारण सदन प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।
जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संयुक्त रूपमा सरकारको विरोध गर्दै प्रदेशसभा अवरुद्ध गरिरहेका छन् । उनीहरूले जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको सदस्य नियुक्ति प्रक्रिया कानुन र संसदीय अभ्यासविपरीत भएको आरोप लगाएका छन्।
प्रदेश सरकारले जेठ १२ गते जनलोकपाल आयोगमा महोत्तरीका सञ्जीवकुमार झा र सुजाता विमल तथा प्रदेश लोकसेवा आयोगमा धनुषाकी विमला यादवलाई सदस्य नियुक्त गरेको थियो। विपक्षी दलहरूको भनाइमा यस्ता नियुक्तिका लागि गठन हुने सिफारिस समितिमा मुख्यमन्त्री, सभामुख र विपक्षी दलका नेता सहभागी हुनुपर्ने व्यवस्था रहे पनि सभामुखलाई जानकारी नदिई प्रक्रिया अघि बढाइएको छ।
जसपा नेपालका सांसद सञ्जयकुमार यादवले नियुक्ति प्रक्रिया सच्याउन र सरकारले सदनमा औपचारिक रूपमा माफी माग्नुपर्ने माग राखेका छन्। विपक्षी दलहरूले आफ्ना माग सम्बोधन नभएसम्म सदन सञ्चालन हुन नदिने चेतावनी दिएका छन्।
विवाद बढेपछि सभामुख रामअशिष यादवले बैठक स्थगित गरेका थिए । त्यसयता सत्ता र प्रतिपक्षबीच भएका छलफलबाट कुनै ठोस सहमति ननिस्कँदा प्रदेशसभा बैठक अनिश्चित बनेको छ।
सत्तापक्षले भने विपक्षीको आरोपलाई अस्वीकार गरेको छ।
सरकारका एक मन्त्रीका अनुसार नियुक्ति प्रक्रियामा सम्बन्धित सबै पक्षलाई जानकारी गराइएको थियो तर केही प्रतिनिधि बैठकमा उपस्थित भएनन् । उनका अनुसार विपक्षीको वास्तविक चासो आयोग नियुक्तिभन्दा पनि अन्य राजनीतिक तथा बजेटसम्बन्धी विषयमा केन्द्रित छ।
प्रदेशसभा अवरोधको अर्को कारण सांसदका स्वकीय सचिवहरूको रोकिएको पारिश्रमिक पनि बनेको छ । करिब १० महिनादेखि तलब भुक्तानी नहुँदा सांसदहरू असन्तुष्ट छन्। संघीय सरकारको नीतिगत परिवर्तनपछि स्वकीय सचिव सम्बन्धी व्यवस्था प्रभावित भए पनि भुक्तानी प्रक्रिया अझै टुंगोमा पुग्न सकेको छैन।
यसैबीच, आगामी बजेटमा साना तथा टुक्रे योजनाहरू समावेश गर्ने विषयमा पनि सत्ता र प्रतिपक्षबीच मतभेद देखिएको छ । गत वैशाखमा भएको राजनीतिक सहमतिअनुसार एक करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने निर्णय गरिएको थियो । तर विपक्षी दलहरूले स्थानीय आवश्यकताअनुसार उपभोक्ता समितिमार्फत सञ्चालन हुने साना योजना पनि बजेटमा समेटिनुपर्ने माग राख्दै आएका छन्।
लगातारको राजनीतिक गतिरोधका कारण नीति तथा कार्यक्रममाथिको छलफल, संशोधन प्रस्तावमाथिको निर्णय र आगामी बजेटसम्बन्धी प्रक्रिया प्रभावित बनेको छ । बजेट सार्वजनिक गर्ने समय नजिकिँदै जाँदा सहमति जुटाउन नसकिए प्रदेश सरकार थप दबाबमा पर्ने देखिएको छ।

# विगतका सम्झौता कार्यान्वयन गर्न जनमत पार्टीको माग, प्रधानमन्त्रीलाई ११ बुँदे ज्ञापनपत्र

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनमत पार्टीले मधेश आन्दोलन, थरूहट आन्दोलन तथा स्वराज आन्दोलनसँग सम्बन्धित विगतका सम्झौताहरू कार्यान्वयन गर्न माग गर्दै प्रधानमन्त्रीसमक्ष ११ बुँदे ज्ञापनपत्र पेश गरेको छ।
पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत द्वारा हस्ताक्षरित ज्ञापनपत्र काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल मार्फत प्रधानमन्त्रीलाई बुझाइएको हो । ज्ञापनपत्र बुझाउने टोलीमा जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता चन्दन सिंह लगायतका नेताहरू सहभागी थिए।
ज्ञापनपत्रमा मधेशको पहिचान, अधिकार, सम्मान र स्वायत्ततासम्बन्धी मुद्दा लामो समयदेखि सम्बोधन हुन नसकेको उल्लेख गर्दै विगतमा सरकारसँग भएका विभिन्न सम्झौताहरू कार्यान्वयन नहुँदा मधेशी समुदायमा असन्तुष्टि बढ्दै गएको दाबी गरिएको छ।



जनमत पार्टीले २०६४ सालमा भएका २२ बुँदे र ८ बुँदे तथा २०७५ सालको ११ बुँदे सम्झौतामा उल्लेखित प्रतिबद्धताहरू तत्काल कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । साथै आन्दोलनका क्रममा विभिन्न मुद्दा खेपिरहेका व्यक्तिहरूको मुद्दा फिर्ता लिन, हिरासत तथा कारागारमा रहेका व्यक्तिहरूलाई रिहा गर्न तथा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग पनि गरिएको छ।
पार्टीले नेपाली सेना, नेपाल प्रहरी तथा अन्य सुरक्षा निकायमा मधेशी, थारू र मुस्लिम समुदायको समानुपातिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न समूहगत भर्ती प्रक्रिया सुरु गर्नुपर्ने आवश्यकता औंल्याएको छ।
त्यसैगरी संविधानको मर्मअनुसार प्रदेशहरूलाई राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकार हस्तान्तरण गर्दै पूर्ण स्वायत्तताको अभ्यास सुनिश्चित गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा समेटिएको छ । प्रहरी प्रशासनलाई प्रदेश सरकार मातहत सञ्चालन गर्न, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्न तथा प्रदेशहरूको सीमाङ्कन जनचाहनाअनुसार पुनरावलोकन गर्नुपर्ने विषय पनि उठाइएको छ।
जनमत पार्टीले संविधान संशोधनमार्फत संघीयता, पहिचान र अधिकारसम्बन्धी विषयलाई थप सुदृढ बनाउनुपर्ने, मधेशी समुदायमाथि हुने विभेद अन्त्य गर्नुपर्ने तथा संवैधानिक निकायहरूबाट हुने भनिएको असमान व्यवहार रोक्नुपर्ने मागसमेत गरेको छ।
युवाका लागि रोजगारी सिर्जना, किसानका समस्या समाधान, वैदेशिक रोजगारीमा रहेका नेपालीलाई मतदान अधिकारको व्यवस्था तथा उनीहरूले भोगिरहेका विभिन्न समस्याको समाधान गर्न पनि पार्टीले सरकारको ध्यानाकर्षण गराएको छ ।
त्यस्तै तराई–मधेशमा सञ्चालित विकास आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्न, आन्दोलनरत पक्षमाथिको दमन रोक्न तथा संवाद र सहमतिमार्फत समस्या समाधानको वातावरण बनाउन सरकारसँग आग्रह गरिएको छ।
ज्ञापनपत्रमा मधेशको अधिकार, स्वायत्तता र पहिचान सुनिश्चित भए मात्र संघीय लोकतान्त्रिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन सम्भव हुने उल्लेख गर्दै सरकारले उठाइएका मागप्रति सकारात्मक पहल गर्ने विश्वास व्यक्त गरिएको छ।

# मधेशी शहीदको हक अधिकार सुनिश्चित गर्न शहीद परिवारको माग




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरूको हक, अधिकार र सम्मान सुनिश्चित गनुपर्ने माग गर्दै मधेशी शहिद एवं घाइते हकहित संघर्ष समितिले जनकपुरधाममा प्रदर्शन गरेको छ।
समितिले शहिद परिवार र आन्दोलनका क्रममा घाइते भएकाहरूलाई राज्यले उचित सम्मान गर्नुपर्ने, उनीहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीको ग्यारेन्टी गर्नुपर्ने माग गरेको छ। साथै, मधेश आन्दोलनका शहिद तथा घाइतेहरूको हित संरक्षणका लागि छुट्टै ऐन–कानुन निर्माण गरी मधेशी शहिद प्रतिष्ठानलाई स्वायत्त संस्थाको रूपमा सञ्चालन गर्नुपर्ने शहीद परिवारका सदस्यहरुको माग छ।
समितिले शहिद परिवार तथा घाइतेहरूको जीवनयापन सहज बनाउन भरणपोषण भत्ता लागू गर्नुपर्ने मागसमेत उठाएको छ । संघर्ष समितिका अध्यक्ष एवं मधेशी शहीद प्रतिष्ठानका सदस्य अवधेशप्रसाद पटेलका अनुसार मधेश आन्दोलनमा बलिदान दिने शहिद तथा घाइतेहरूको योगदानको कदर गर्दै राज्यले उनीहरूको परिवारप्रति विशेष जिम्मेवारी वहन गर्नुपर्नेमा उल्टै वेवास्ता गरिरहेको आरोप लगाए।
उनले प्रदेश सरकारले आफूहरुको माग पुरा नगरे सशक्त आन्दोलन गर्ने चेतावनी दिए।
समितिले आफ्ना मागहरू सम्बोधन गर्न संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै शहिद र घाइतेहरूको सम्मान तथा अधिकार सुनिश्चित हुने गरी ठोस नीति तथा कार्यक्रम ल्याउन आग्रह गरेको छ।

# राजस्व नबुझाउने स्थानीय तहलाई अनुदान रोक्ने तयारीमा मधेश सरकार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बाँडफाँट रकम लामो समयदेखि दाखिला नगर्ने स्थानीय तहविरुद्ध कडा कदम चाल्ने चेतावनी दिएको छ । प्रदेश सरकारले यस्ता स्थानीय तहलाई उपलब्ध गराइने सशर्त, विशेष तथा समपूरक अनुदान रोक्ने तयारी गरेको जनाएको छ।
प्रदेश अर्थ मन्त्रालयका अनुसार मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये २५ स्थानीय तहले कानुनबमोजिम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने राजस्व बाँडफाँट रकम हालसम्म बुझाएका छैनन् । ती स्थानीय तहबाट प्रदेश सरकारलाई कुल ६२ करोड २९ लाख ५९ हजार २३२ रुपैयाँ प्राप्त हुन बाँकी रहेको मन्त्रालयले जनाएको छ।
महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदनले पनि स्थानीय तहहरूले प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने राजस्व बाँडफाँट रकम नबुझाएको तथ्य औंल्याएको छ । प्रतिवेदनअनुसार बाराको निजगढ नगरपालिका सबैभन्दा बढी बक्यौता राख्ने स्थानीय तह बनेको छ। उक्त नगरपालिकाले प्रदेश सरकारलाई २३ करोड ९२ लाख ७० हजार रुपैयाँ बुझाउन बाँकी रहेको उल्लेख गरिएको छ।
त्यसैगरी धनुषाको गणेशमान चारनाथ नगरपालिकाले ३ करोड ८२ लाख ३९ हजार रुपैयाँ, मिथिला नगरपालिकाले १ करोड ३५ लाख ४७ हजार रुपैयाँ तथा धनुषाधाम नगरपालिकाले १६ लाख ८० हजार रुपैयाँ राजस्व बाँडफाँट रकम प्रदेश सरकारलाई नबुझाएको प्रतिवेदनमा उल्लेख छ।
प्रतिवेदनमा महोत्तरी, सर्लाही, सिरहा, रौतहट, बारा र पर्साका विभिन्न स्थानीय तहले पनि लाखौंदेखि करोडौं रुपैयाँसम्म राजस्व बक्यौता राखेको जनाइएको छ।
प्रदेश अर्थ मन्त्रालयकी राजस्व अधिकृत चाँदनी दलामीले महालेखापरीक्षकको प्रतिवेदनमा देखिएको रकमभन्दा बढी राजस्व स्थानीय तहबाट उठाइएको हुन सक्ने बताइन् । विस्तृत अध्ययन तथा तथ्याङ्क मिलानपछि बक्यौता रकम अझ बढ्न सक्ने उनको भनाइ छ।
प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने राजस्व नियमित रूपमा नआएकाले बक्यौता नियन्त्रणका लागि कानुनी व्यवस्था सुदृढ बनाउन लागिएको बताए । उनले प्रदेश सरकारको राजस्व अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइएको जानकारी दिए।
'स्थानीय तहले कानुनले तोकेको दायित्व पूरा नगरे प्रदेश सरकारले उपलब्ध गराउने सशर्त, विशेष र समपूरक अनुदान रोक्नेसम्मका कदम चाल्न बाध्य हुनेछ,' मन्त्री भट्टराईले भने।
प्रदेश सरकारका अनुसार यो कदमले स्थानीय तहलाई समयमै राजस्व बाँडफाँट रकम बुझाउन दबाब सिर्जना गर्ने तथा प्रदेशको आम्दानी व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सम्पादकीय

## वीरगंजका मेयर राजेशमान सिंह विरुद्धका मुद्दाः

# राजनीतिक पूर्वाग्रह वा कानुनी दायित्व ?

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको हालैको गिरफ्तारी र त्यसपछिको जमानतले स्थानीय राजनीतिमा मात्र नभई राष्ट्रिय स्तरमा पनि ठूलो हलचल मच्चाएको छ। नागरिकता किर्ते प्रकरणमा पक्राउ परेका सिंहमाथि लागेका आरोपहरूले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको जवाफदेहिता र पारदर्शितामाथि गम्भीर प्रश्न खडा गरेको छ। यो घटनाले मेयर सिंहको राजनीतिक भविष्य र वीरगंज महानगरपालिकाको सुशासनमा पार्न सक्ने प्रभावबारे व्यापक बहस सिर्जन गरेको छ।

मेयर सिंहमाथि लागेको मुख्य आरोप भनेको नक्कली कागजात प्रयोग गरी अर्की व्यक्तिको छोरीलाई आफ्नै छोरीका रूपमा प्रस्तुत गरेर नागरिकता दिलाउन सहयोग गरेको हो। रुबिना श्रेष्ठ नामक व्यक्तिको नागरिकता प्रकरणमा उनको संलग्नता रहेको भन्दै उजुरी परेको थियो। अनुसन्धानका क्रममा २०७५ सालमा जारी भएको नागरिकतामा राजेशमान सिंहलाई बुबाका रूपमा उल्लेख गरिएको पाइएको छ, जबकि उजुरीकर्ताहरूले रुबिना उनको जैविक छोरी नभएको दाबी गरेका छन्। यसले नागरिकता जस्तो संवेदनशील विषयमा हुने अनियमिततालाई उजागर गरेको छ।

पर्सा जिल्ला अदालतको आदेशमा पक्राउ परेका मेयर सिंहलाई बयान र थुनछेक बहसपछि जमानतमा रिहा गरिएको छ। अदालतले नागरिकता किर्ते प्रकरणमा ४ लाख रुपैयाँ र झुटो विवरण दिएर नागरिकता लिएको आरोपमा १५ हजार रुपैयाँ धरौटी माग गरेको थियो। धरौटी बुझाएर रिहा भए पनि उनीमाथिको मुद्दाको प्रक्रिया भने जारी रहनेछ। यो घटनाले कानुनी प्रक्रियाले आफ्नो बाटो लिने स्पष्ट संकेत दिएको छ।

यस प्रकरणलाई कतिपयले राजनीतिक पूर्वाग्रहको उपजका रूपमा हेरेका छन् भने कतिपयले यसलाई कानुनी शासनको पालनाका रूपमा व्याख्या गरेका छन्। मेयर सिंह जनता समाजवादी पार्टी नेपालका नेता हुन् र उनको गिरफ्तारीलाई राजनीतिक प्रतिशोधका रूपमा पनि विश्लेषण गरिएको छ। यद्यपि, कानुनी प्रक्रियाले राजनीतिक आबद्धताभन्दा माथि उठेर काम गर्नुपर्ने सिद्धान्तलाई यो घटनाले पुनः स्मरण गराएको छ। मुद्दाको अन्तिम किनारा नलागेसम्म कुनै पनि निष्कर्षमा पुग्नु हतार हुनेछ।

अन्ततः, यो घटनाले सार्वजनिक पदमा रहेका व्यक्तिहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्दा कति संवेदनशील हुनुपर्छ भन्ने पाठ सिकाएको छ। नागरिकता जस्तो राष्ट्रिय महत्त्वको विषयमा हुने कुनै पनि किसिमको अनियमितताले राज्यप्रणालीमाथि नै प्रश्नचिह्न खडा गर्छ। वीरगंजका मेयरमाथि लागेका यी आरोपहरूले सुशासन, पारदर्शिता र जवाफदेहिताको महत्त्वलाई पुनः स्थापित गरेको छ, र यसको निष्पक्ष छानबिन तथा कानुनी प्रक्रियाको पालना अपरिहार्य छ। तर यसैलाई भ्रष्टाचारको मुद्दा बनाइनु चैँ प्रश्नचिन्हको घेराभित्रै छ।

# विश्वविद्यालयको लक्ष्यमा अगाडि बढ्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

***बागमती प्रदेशको राजधानी हेटौँडामा गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै प्रदेशस्तरीय विश्वविद्यालय स्थापना गरी काठमाडौँ बाहिरका उत्कृष्ट मेडिकल कलेजका रुपमा विकास गर्ने लक्ष्य बोकेर अगाडि बढ्दैछ मदन भण्डारी विज्ञान स्वास्थ्य प्रतिष्ठान।***

–रमेश गिरी / रासस



देशका सातै प्रदेशमध्येका पहिलो स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा स्थापित हँुदै सेवा प्रवाहमा निरन्तर अगाडि बढेको संस्थाका रुपमा यसले पहिचान बनाउन सफल भएको छ। बागमती प्रदेशमा ठूलो अस्पताल सञ्चालन गर्ने मात्र नभई बागमती प्रदेशभित्रका प्रदेशस्तरीय अस्पतालहरुका लागि आवश्यक स्वास्थ्यका जनशक्ति उत्पादन गर्ने मूल लक्ष्यका साथ २०७६ असोज २ गते बागमती प्रदेश सरकारले स्वास्थ्य, शिक्षा, सेवा र अनुसन्धानमूलक कार्यको लक्ष्यसहित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मार्फत सञ्चालनमा ल्याएको यस प्रतिष्ठानले छोटो समयमा आफ्नो लक्ष्य हासिल गर्न सफल भएको छ।

ऐन जारी भएपछि प्रतिष्ठानले औपचारिक रूपमा २०७७ सालदेखि आफ्नो कार्य सुरु गरी हेटौँडालाई मात्र नभई बागमती प्रदेशका १३ जिल्लालाई स्वास्थ्य सेवा र चिकित्सा शिक्षा उपलब्ध गराउने केन्द्रका रूपमा प्रदेश सरकारबाट अधिकार प्रदान गरेको छ।

प्रदेशको मुख्यमन्त्री कुलपति र स्वास्थ्यमन्त्री सहकुलपति रहने ऐनमा व्यवस्था गरेअनुसार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ प्रतिष्ठानको कुलपति, स्वास्थ्यमन्त्री किरण थापा मगर सहकुलपति र प्रदेश सरकारले नियुक्त गरेको प्राडा प्रदीप ज्ञवाली उपकुलपतिका रुपमा कार्य गर्दै आउनुभएको छ।

प्रतिष्ठानका कुलपति एवं प्रदेशका मुख्यमन्त्री बानियाँले हेटौँडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बागमती प्रदेश सरकारद्वारा स्थापना गरिएको नेपालको पहिलो प्रदेशस्तरीय स्वास्थ्य विज्ञान प्रतिष्ठान भएको बताउनुहुन्छ। यसको मुख्य उद्देश्य गुणस्तरीय स्वास्थ्य सेवा, चिकित्सा शिक्षामा जनशक्ति उत्पादन र स्वास्थ्य अनुसन्धानलाई एकै संस्थामार्फत अगाडि बढाउनु नै रहेको उहाँ बताउनुहुन्छ।

मुख्यमन्त्री बानियाँ भन्नुहुन्छ, 'प्रदेश सरकारले प्रतिष्ठानलाई प्रदेशस्तरको प्रमुख स्वास्थ्य शैक्षिक संस्थाका रूपमा विकास गर्ने योजनाका साथ हामी अगाडि बढेका छौँ, यसका लागि प्रदेश सरकारले आवश्यक बजेट र कार्यक्रम अगाडि सारेको छ।'

प्रतिष्ठानका सहकुलपपति एवं स्वास्थ्यमन्त्री मगर प्रदेशको १३ जिल्लाको स्वास्थ्यको 'हब'का रुपमा यसलाई विकास गर्ने लक्ष्यसहित सरकार अगाडि बढेको बताउनुहुन्छ। प्रतिष्ठानबाटै जनशक्ति उत्पादन, व्यवस्थापनदेखि स्वास्थ्य सवाको विस्तारका कार्यक्रम र शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने तयारीमा रहेको उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, 'प्रतिष्ठानले गैरनाफामूलक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, आङ्गिक क्याम्पसहरुका रुपमा शैक्षिक सेवा सञ्चालन गर्ने, मल्टिस्पेसालिटी अस्पतालका रुपमा विकास गर्ने, क्याथ ल्याबसहित मुटुको सेवा विस्तार गर्ने, गुणस्तरीय औषधि उत्पादनको ल्याब स्थापना गर्ने लक्ष्यका साथ प्रतिष्ठान अगाडि बढिरहेको छ। विश्वविद्यालय सञ्चालनसम्मको सपना पूरा गर्छौं।'

मन्त्रालयकी सचिव डा सुमित्रा गौतमले प्रतिष्ठानलाई प्रदेशस्तरमा देशकै नमूना अस्पतालका रुपमा विकास गर्न लागिपरेको बताउनुभयो। उहाँले अस्पतालमा सघन उपचार सेवा, सुत्केरी वार्ड, शल्यक्रिया कक्ष, डायलासिस सेवा विस्तारसंगै नयाँ भवनबाट मुटुको उपचारका लागि क्याथ ल्याब, ओपन हार्ट सर्जरी, कार्डियो भास्कुलर सर्जरी, युरो सर्जरी, (पिसाब÷किड्नीसम्बन्धी), ग्यास्ट्रोलोजी, युरो सर्जरी, आँखासम्बन्धी उपचार, नाक, कान, घाँटीको विशिष्टीकृत सेवा, मिर्गौला प्रत्यारोपण सेवा, डायलोसिस सेवालाई ३० शय्यामा विस्तार गरी चौबिसै घण्टा सञ्चालन गर्ने, दन्त सेवा, मनोरोग तथा लागूऔषध दुव्र्यसन उपचार तथा पुनस्र्थापना केन्द्रसहितको विशेषज्ञ सेवाहरू सञ्चालनलाई साकार बनाउन लागिरहको छ।

प्रतिष्ठानका उपकुलपतिका रुपमा प्राडा ज्ञवाली २०८१ असोज १८ गते जिम्मेवारी सम्हालेपछि विकासको गति लिएको थियो। डा ज्ञवालीका अनुसार प्रतिष्ठानले दक्ष स्वास्थ्य जनशक्ति उत्पादन, सरकारी मेडिकल शिक्षाको विस्तार, स्वास्थ्य क्षेत्रमा अनुसन्धान प्रवद्र्धन, आधुनिक प्रविधिमैत्री चिकित्सा शिक्षा र गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यलाई स्थापित गरेको छ।

प्रतिष्ठानले स्वास्थ्यसम्बन्धी विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्नातक तथा स्नातकोत्तर स्वास्थ्य शिक्षा कार्यक्रम, एनेस्थेसिया टेक्निसियन तालिम, स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम, मेडिकल कलेज तथा स्वास्थ्य विज्ञान सङ्काय विस्तारको लक्ष्यका साथ अगाडि बढिरहेको छ। स्थानीय स्वास्थ्य समस्यामाथि अध्ययन, प्रमाणमा आधारित उपचार पद्धतिको विकास, चिकित्सा क्षेत्रमा नवीनता र प्रविधिको प्रयोगमा लागिरहेको यस प्रतिष्ठानले सामुदायिक स्वास्थ्य सेवा, स्वास्थ्य शिविर, जनचेतना कार्यक्रम, स्थानीय तहसँग सहकार्य, प्रदेशका जिल्ला अस्पतालहरुँगको सहकार्य र विशेष रोगहरूको उपचार सेवा विस्तार गर्दै आएको छ।

यसै शैक्षिक सत्रबाट एमबिबिएस कार्यक्रम सुरु गर्न सफल भएका छ। अहिले सात वटा कार्यक्रम संस्थागत रूपमा सञ्चालनमा छ भने बिएससी नर्सिङ कार्यक्रममा पनि १० सिट थप गरेर ३० पु¥याइएको छ। हाल स्नातक तहमा ४५९ र स्नातकोत्तर तहमा ३२ जना विद्यार्थी अध्ययनरत छन्। स्नातक तहको पहिलो ब्याचका ३३ जना विद्यार्थी लाइसेन्स परीक्षाको तयारीमा छन्। एमबिबिएसको ५० सिटमा अध्ययन सुरु भएको छ।

हाल नेपालमा विशेषज्ञ चिकित्सकको आवश्यकता बढ्दो अवस्थामा छ। धेरै विद्यार्थी विशेषज्ञ अध्ययनका लागि बाहिर जानुपर्ने बाध्यतालाई कम गर्दै यहाँ विशेषज्ञ जनशक्ति उत्पादनमा प्रतिष्ठान लागेको छ। प्रथम वर्षमा सात वटा कार्यक्रम सुरु भएकामा छ वटा कार्यक्रम विस्तार गरी १३ वटा स्नातकोत्तरतर्फका कार्यक्रम सञ्चालन भइरहेको छ। यसले प्रदेशमै विशेषज्ञ शिक्षा प्राप्त गर्ने अवसर सिर्जना मात्रै गरेको छैन, प्रदेशमा आवश्यक जनशक्ति परिपूर्तिको काममा सहजता हुने भएको छ।

हाल प्रतिष्ठानमा स्नातक तहमा ४५९ जना विद्यार्थी अध्ययनरत छन् भने स्नातकोत्तर तहमा ३२ जना विद्यार्थी अध्ययनरत छन्। एमबिबिएसतर्फ पहिलो ब्याचका ३३ जना विद्यार्थी उत्तीर्ण भई लाइसेन्स परीक्षामा सहभागी हुँदैछन्। अस्पतालको गुणस्तरीय सेवा विस्तारमा यसले दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउन महत पु¥याउने छ।

प्रतिष्ठानले हाल स्नातक तहका कार्यक्रममा चार वर्ष अवधिको ब्याचलर अफ पब्लिक हेल्थका साथै सरुवारोग, स्वास्थ्य प्रणाली व्यवस्थापन, जनस्वास्थ्य अनुसन्धान, स्वास्थ्य प्रवद्र्धन, शिक्षालगायत विभिन्न विषय सञ्चालन गर्दै आएको छ। त्यस्तै सन् २०२३ बाट चारवर्षे अवधिको बिएसी नर्सिङ अध्ययन सञ्चालन गरेको छ भने चार वर्ष अवधिको स्नातक तहको फार्मेसी अर्थात् बी फर्मा, चारवर्षे अवधिको ल्याब टेक्निसियनलगायतको शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नाका साथै यसै वर्षदेखि एमबिबिएसको अध्ययन सञ्चालनमा ल्याएको छ।

तालिमतर्फ एनेस्थेसिया प्राविधिक उत्पादनका लागि विशेष तालिम कार्यक्रम सञ्चालन गर्नाका साथै जनस्वास्थ्यमा स्नातकोत्तर, ब्याचलर अफ नर्सिङ साइन्सलगायत स्वास्थ्य विज्ञान कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्यमा रहेको छ। प्रतिष्ठानले प्रदेशका १३ जिल्लाका विद्यार्थीलाई शैक्षिक कार्यक्रममा समावेश गरी यहीँका जिल्ला अस्पतालहरुमा सेवा गर्ने अवसर दिने गरी योजना अगाडि बढाएको छ। सङ्घीय सरकार र विश्वविद्यालय अनुदान आयोगले छात्रवृत्ति अनुदानको व्यवस्था गरे जनशक्ति उत्पादनमा निकै सहज हुने भएकाले प्रतिष्ठान त्यसका अनुदानका लागि पहल गरिरहेको छ।

विसं २०८२ फागुन २८ गते रु आठ करोड ६१ लाख लागतमा प्रतिष्ठानका लागि मुख्यमन्त्री बानियाँ र स्वास्थ्यमन्त्री मगरले शिलान्यास गर्नुभएको प्रिफ्याब भवनको आउँदो असारमा सम्पन्न गरी सेवा प्रवाह गरिने बताइएको छ। त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालित हेटौँडा अस्पतालमा रु २८ करोड ५४ लाखको लागतमा निर्माण सम्पन्न भएको हेटौँडा अस्पतालको पाँचतले नयाँ भवनको मुख्यमन्त्रीले उद्घाटन गरेपछि थप सेवाहरु विस्तार भएका छन्। प्रतिष्ठान स्थापना हुनुअगाडि हेटौँडा अस्पतालमा जम्मा १०० शय्या थिए। अहिले त्यो संख्या बढेर ३१३ पुगेको छ। प्रदेश सिनेटले पास गरेसँगै ५०० शय्याको शिक्षण अस्पतालका रुपमा सेवा विस्तार गर्ने लक्ष्य तयारी गरेको छ। अस्पतालमा विशेषज्ञ सेवा विस्तार गरी 'मोडुलर ओटी' सञ्चालनमा आएपछि जटिल शल्यक्रिया यहीँ हुन थालेपछि बिरामीको विश्वास जित्दै गएको छ।

पाँच बिघा क्षेत्रफलमा फैलिएको अस्पताल भवनसहितका संरचनाहरुसँगै नजिकै रहेको साढे सात बिघा जमिनको सदुपयोग गर्दै भाडाका भवनमा छरिएर रहेका शैक्षिक सेवालाई आउँदो असार–साउनदेखि एकै ठाउँमा ल्याएर सेवा सञ्चालन गर्ने तयारी गरिरहेको छ। नेपाल रेडक्रस सोसाइटीले हड्पेर भाडा उठाइरहेको संरचना फिर्ता ल्याउनेदेखि प्रदेश आपूर्ति केन्द्र, स्वास्थ्य निर्देशनालयलाई स्थानान्तरण गर्ने प्रयास पनि भइरहेको छ।

प्रतिष्ठानका शिक्षाध्यष प्राडा दिनेशकुमार लम्सालले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा सम्झौता गरेर अनुसन्धानको काम अगाडि बढिरहेको बताउनुहुन्छ। प्रदेशका १३ वटै जिल्लाका अस्पतालमा अनुसन्धानको माध्यमबाट त्यहाँको समस्या पहिचान गरी योजना बनाउन सकिने उहाँ बताउनुहुन्छ। प्रतिष्ठानको आफ्नै परीक्षा बोर्ड छ। प्रतिष्ठानलाई यतिमा मात्रै सीमित नराखी विश्वविद्यालयका रुपमा विकास गरी १३ वटै जिल्लामा शैक्षिक कार्यक्रमको स्वीकृति दिई स्वास्थ्यको जनशक्ति उत्पादनमा लैजानुपर्ने आवश्यकता रहेको उहाँ बताउनुहुन्छ।

प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईंले हेटौँडा अस्पताल बागमती प्रदेशकै गौरवको आयोजना भएको बताउनुहुन्छ। नयाँ प्रिफ्याब भवन निर्माण भएसँगै प्रतिष्ठानका शैक्षिक कार्यक्रमहरू आफ्नै पूर्वाधारबाट सञ्चालन गर्न सकिने अवस्था सिर्जना हुने, भवनमा कक्षाकोठा, प्रशासनिक कक्ष, प्रयोगशालालगायत आवश्यक पूर्वाधार समावेश गरिने भएको छ।

यहाँ मकवानपुरबाट मात्रै नभई सिन्धुली, सर्लाही, बारा, महोत्तरी, बर्दिवासलगायत विभिन्न ठाउँबाट बिरामीको चाप बढ्दै गएको छ। भैतिक पूर्वाधारको विकास, गुणस्तरीय सेवा, टिकट काउण्टर, फार्मेसी काउण्टरको विस्तार, मोडुलर ओटी सञ्चालन, आइसियू लगायतका सेवाहरु विस्तारसँगै अस्पतालको गुणस्तरीय सेवा प्रवाहले दैनिक एक हजार ६०० सम्म बिरामी आउन थालेको बताउनुहुन्छ, प्रतिष्ठानका रजिष्ट्रार गुरागाईं।

प्रतिष्ठानका डिन डा इन्दिरा अधिकारी पौडेलले यहाँ सञ्चालन शैक्षिक कार्यक्रममा सहभागीहरुलाई कम्युनिटी फिल्डमा पठाउने गरेको बताउनुहुन्छ। प्रतिष्ठानमा हाल ११० जना शिक्षक सेवारत रहेका छन्।

प्रतिष्ठानले सानातिना सर्जरी मात्रै नभई ठूला सर्जरी सेवा पनि यहीँबाट दिन थालेको छ। क्यान्सर, ठूला हर्नियालगायत विभिन्न शल्यक्रिया सेवा यहीँबाट सञ्चालन भएपछि चितवनदेखि काठमाडौँसम्म पठाउनुपर्ने बाध्यता हटेको छ। प्रदेश र सङ्घीय सरकारले आधुनिक प्रविधि पठाउने र जनशक्तिलाई तिालिम दिने व्यवस्था गर्न सके प्रदेशका १३ वटै अस्पतालको 'रेफर सेन्टर'का रुपमा यस अस्पताललाई विकास गर्न सकिने सर्जरी विभागका विभागीय प्रमुख प्राडा सुजन मानन्धर बताउनुहुन्छ। यहाँ रोबोटिक सर्जरी सुरु गर्नसके र मुटु सेवालाई विशेषज्ञ केन्द्रका रुपमा लानसके प्रभावकारी हुने उहाँ बताउनुहुन्छ।

अस्पतालका निमित्त निर्देशक एवं बाल रोग विशेषज्ञ डा राजु सेढाईंले अस्पतालमा बालरोगका लागि एनआइसियू र आइसियूको छिट्टै सञ्चालनमा आउन लागेको बताउँदै अस्पतालको विभिन्न सेवा विस्तारको कार्य जारी रहेको बताउनुहन्छ। अस्पतालप्रति बिरामीको विश्वाससँगै चाप बढेको अवस्थामा जनशक्ति उचित व्यवस्थापन गर्नसके अझै प्रभावकारी हुने बताउनुहुन्छ। अस्पतालमा उपचारका लागि आउने मिर्गौलाका बिरामीका लागि ओपिडी सेवा सहज भए पनि डायलासिका लागि भने पालो कुर्नुपर्ने अवस्था रहेको अस्पतालकी मिर्गौला रोग विशेषज्ञ एवं प्रमुख दिव्यश्वरी श्रेष्ठ बताउनुहुन्छ। मिर्गौला रोगका बिरामीलाई सहज सेवा प्रवाह गरेको उहाँको भनाइ छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मोबाइल नष्ट गरिएको घटनाविरुद्ध सिरहामा विद्यार्थीहरूको प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
एसईई तथा कक्षा–१२ परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन र स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध सिरहामा संयुक्त विद्यार्थी संगठनहरूले विरोध प्रदर्शन गरेका छन्।

विद्यार्थीहरूले सिरहा क्याम्पस अगाडिबाट जिल्ला प्रशासन कार्यालयसम्म प्रदर्शन गर्दै नष्ट गरिएका मोबाइल फोनको उचित क्षतिपूर्ति उपलब्ध गराउन, पीडित विद्यार्थीलाई न्याय दिन तथा सम्पत्तिमाथिको दमन बन्द गर्न माग गरेका हुन्।

प्रदर्शनपछि विद्यार्थी संगठनहरूले प्रमुख जिल्ला अधिकारीमार्फत जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाउँदै घटनाको निष्पक्ष छानबिन, पीडितलाई क्षतिपूर्ति तथा जिम्मेवार पक्षमाथि कानुनी कारबाहीको माग गरेका छन्।

ज्ञापनपत्रमा संविधानले प्रत्याभूत गरेको सम्पत्तिको हकविपरीत कानुनी प्रक्रिया पूरा नगरी निजी सम्पत्ति नष्ट गरिएको भन्दै आपत्ति जनाइएको छ । विद्यार्थी संगठनहरूले परीक्षा अनियमितताामा संलग्न व्यक्तिमाथि कानुनबमोजिम कारबाही गर्न सकिने भए पनि निजी सम्पत्ति नष्ट गर्ने अधिकार कुनै निकायलाई नभएको बताएका छन् ।

उनीहरूले आफूहरू परीक्षामा हुने चोरी वा अनियमितताको पक्षमा नभई विधि, कानुन, न्याय र जवाफदेहिताको पक्षमा रहेको स्पष्ट पार्दै दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति दिन माग गरेका छन्।

जिल्ला प्रशासन कार्यालय सिरहाले गत चैतमा सम्पन्न एसईई र कक्षा–१२ परीक्षाका क्रममा परीक्षार्थीबाट जफत गरिएका करिब ५०० मोबाइल फोन तथा स्मार्ट घडी नष्ट गरेको थियो।

प्रशासनका अनुसार सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन र पाँच वटा स्मार्ट वाच बरामद गरिएको थियो। ती उपकरणहरूको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

मोबाइल व्यवस्थापनका लागि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो।

समितिले जिल्ला प्रहरी कार्यालय परिसरमा मोबाइल तथा स्मार्ट घडीहरू २४ घण्टा पानीमा डुबाएर पुनः प्रयोग गर्न नसकिने अवस्थामा पु¥याई नष्ट गरिएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले परीक्षाको मर्यादा कायम राख्न तथा भविष्यमा यस्ता उपकरणको दुरुपयोग रोक्न उक्त कदम चालिएको दाबी गरेको छ । तर अभिभावक, कानुन व्यवसायी तथा विद्यार्थी संगठनहरूले निर्णयप्रति गम्भीर असन्तुष्टि जनाउँदै घटनाको निष्पक्ष छानबिन, क्षतिपूर्ति र न्यायको माग गरेका छन्।

# विज्ञापन र सूचना नीतिविरुद्ध प्रधानमन्त्रीलाई हस्ताक्षर बुझाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
सूचना तथा विज्ञापनसम्बन्धी सरकारले गरेका विभेदकारी तथा स्वेच्छाचारी निर्णय तत्काल खारेज गर्न माग गर्दै नेपाल पत्रकार महासंघ पर्सा शाखाले संकलन गरेको हस्ताक्षर प्रधानमन्त्रीसमक्ष पठाएको छ।

देशव्यापी रूपमा सञ्चालित दबाबमूलक आन्दोलनअन्तर्गत महासंघ पर्साले नागरिक तथा सरोकारवालाबाट संकलित हस्ताक्षर जिल्ला प्रशासन कार्यालय पर्सामार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको हो।

प्रेस स्वतन्त्रताको संवैधानिक अधिकारको संरक्षण, सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी नीतिको अन्त्य, संविधान संशोधनका लागि संसदबाट सर्वदलीय कार्यदल गठन तथा नागरिकको सूचना प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि महासंघले देशभर आन्दोलन गरिरहेको छ।

महासंघ पर्साका सचिव विजय चौहानको नेतृत्वमा पुगेको पत्रकार टोलीले हस्ताक्षरसहितको ज्ञापनपत्र सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेल र कृष्ण थापालाई हस्तान्तरण गरेको थियो।

ज्ञापनपत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले प्राप्त हस्ताक्षर तथा मागपत्र सोही दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइने जानकारी दिए।

हस्ताक्षर बुझाउने कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्साका पूर्वअध्यक्ष शंकर खतिवडा, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य श्रीराम रायमाझी, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य विजय भण्डारी, प्रेस चौतारी पर्साका अध्यक्ष निरञ्जन मिश्र, प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष शिवनाथ यादव, समाजवादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भु कुमार सुमन तथा क्रियाशील युवा पत्रकार मञ्च पर्साका अध्यक्ष आनन्द पटेलसहित विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

यसैबीच आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्दै नेपाल पत्रकार महासंघले जेठ २७ र २९ गते बिहान ११ बजेदेखि १२ बजेसम्म देशभरका जिल्ला प्रशासन कार्यालय अगाडि सम्बन्धित शाखाको नेतृत्वमा धर्ना कार्यक्रम आयोजना गरिने जनाएको छ।

## कृषि अनुसन्धान निर्देशनालयका कर्मचारीलाई
# स्वास्थ्य सेवा दिन नेशनल मेडिकल कलेजसँग सम्झौता



**मधेशदृष्टि**
**वीरगंज।**
कृषि अनुसन्धान निर्देशनालय, मधेश प्रदेश र नेशनल मेडिकल कलेज प्रालि., वीरगंजबीच कर्मचारी तथा उनीहरूका परिवारजनलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित स्वास्थ्य सहकार्यसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारी र कृषि अनुसन्धान निर्देशनालय, मधेश प्रदेशका निर्देशक तथा वरिष्ठ वैज्ञानिक डा. विश्वेश्वर प्रसाद यादवले हस्ताक्षर गरेका छन्।

यस सहकार्यबाट निर्देशनालयमा कार्यरत कर्मचारी, कामदार तथा उनीहरूका आश्रित परिवारजनले स्वास्थ्य सेवामा थप सहज पहुँच प्राप्त गर्ने अपेक्षा गरिएको छ । सम्झौताअनुसार सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारी तथा कामदारलाई नेशनल मेडिकल कलेजमा उपलब्ध स्वास्थ्य सेवाहरू प्राथमिकताका आधारमा प्रदान गरिनेछ । उपचारका लागि आउने लाभग्राहीलाई अस्पतालमा स्थापना गरिएको विशेष सामाजिक सुरक्षा कोष काउन्टरमार्फत सेवा उपलब्ध गराइने व्यवस्था समेत गरिएको छ । त्यस्तै, सामाजिक सुरक्षा कोषबाट व्यहोर्न बाँकी रहने सहभुक्तानी रकम तोकिएको अवधिभित्र बुझाउन सकिने प्रबन्ध मिलाइएको छ। सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका निर्देशनालयका कर्मचारी तथा परिवारजनले अस्पतालमा उपचार गराउँदा प्रयोग्य सामग्रीबाहेकका सेवामा २० प्रतिशतसम्म छुट पाउनेछन् । साथै अस्पतालको फार्मेसीबाट खरिद गरिने औषधिमा ५ प्रतिशत विशेष छुटको व्यवस्था गरिएको छ।दुवै संस्थाबीच भएको सहमतिअनुसार वार्षिक स्वास्थ्य परीक्षण, पूर्व–रोजगारी स्वास्थ्य परीक्षण तथा आवश्यकताअनुसार संस्थामै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । साथै प्रत्येक तीन महिनामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने योजना पनि अघि सारिएको छ । सम्झौतामा कृषि अनुसन्धान निर्देशनालयले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा नेशनल मेडिकल कलेजलाई मेडिकल पार्टनरका रूपमा सहभागी गराउने तथा आवश्यकता अनुसार संयुक्त कार्यक्रम र अन्य सहकार्यका गतिविधि सञ्चालन गर्ने व्यवस्था समेत समावेश गरिएको छ।

यस सहकार्यले कृषि अनुसन्धान क्षेत्रमा कार्यरत जनशक्तिको स्वास्थ्य सुरक्षालाई थप सुदृढ बनाउनुका साथै गुणस्तरीय उपचार सेवामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ। सम्झौता कार्यक्रममा नेशनल मेडिकल कलेजका प्रमुख सूचना अधिकृत ई. प्रदीपकुमार चौधरीसहित दुवै संस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# अवैध सालको काठसहित पाँच साइकल बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगंज महानगरपालिका–३१ स्थित मिलनचोक क्षेत्रमा सशस्त्र प्रहरीले अवैध रूपमा कटान गरिएको ठूलो परिमाणको सालको गोलिया काठ र पाँच थान साइकल बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस बेल्वाबाट परिचालित गाडी मोबाइल टोली र सब–डिभिजन वन कार्यालय सबैयाको संयुक्त टोलीले आइतबार फुटबल ग्राउण्ड आसपासको क्षेत्रमा छापा मार्दा अन्दाजी ४५ क्युबिक फिट सालको गोलिया काठ फेला पारेको हो।

प्रहरीका अनुसार जंगलबाट अवैध रूपमा कटान गरी साइकलमार्फत ओसारपसार गरिँदै गरेको अवस्थामा उक्त काठ बरामद गरिएको हो । संयुक्त टोली घटनास्थलमा पुग्नासाथ काठ ढुवानीमा संलग्न व्यक्तिहरू साइकल र काठ छाडेर फरार भएका थिए।

बरामद गरिएको सालको काठ तथा पाँचवटा साइकल आवश्यक अनुसन्धान र कानुनी प्रक्रियाका लागि सब–डिभिजन वन कार्यालय सबैयालाई बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिए।

घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य जारी रहेको सशस्त्र प्रहरीले जनाएको छ।

# राजनीतिक सम्झौता कार्यान्वयन गर्न माग गर्दै ज्ञापन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सीके राउत नेतृत्वको जनमत पार्टीले मधेश र थरुहट सम्बन्धमा भएको विभिन्न राजनीतिक सम्झौता कार्यान्वयन गर्न माग गर्दै सरकारलाई ज्ञापनपत्र बुझाएको छ । पार्टीका महासचिव चन्दनकुमार सिंहका अनुसार काठमाडौं जिल्ला प्रशासन कार्यालयमार्फत बुझाइएको ज्ञापनपत्रमा मधेश, थरूहट तथा स्वराज आन्दोलनका क्रममा सरकारसँग भएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्न माग गरिएको हो।

ज्ञापनपत्र बुझाउनुअघि पार्टीका अध्यक्ष राउतसहित नेता–कार्यकर्ताले माइतीघर मण्डलमा प्रदर्शनसमेत गरेका थिए । जनमतले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न, आन्दोलनका क्रममा लगाइएका मुद्दा फिर्ता लिन तथा बन्दीहरूलाई रिहा गर्न माग गरेको छ । साथै, सुरक्षा निकायमा समावेशिता सुनिश्चित गर्दै मधेसी, थारू र मुस्लिम समुदायको समानुपातिक सहभागिता बढाउनुपर्ने उल्लेख गरिएको छ।

सो पार्टीले प्रदेशलाई पूर्ण स्वायत्तता दिनुपर्ने, प्रहरी संरचना प्रदेश मातहत ल्याउनुपर्ने तथा जनसंख्याका आधारमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्नुपर्ने माग पनि अघि सारेको छ।

# मेयर विरुद्धको भ्रष्टाचार मुद्दामा स्वकीय सचिवको आपत्ति, ‘क्षेत्राधिकार नाघेर मुद्दा दर्ता गरियो’



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको भ्रष्टाचार मुद्दाप्रति उनका स्वकीय सचिव सत्यराज घिमिरेले असहमति जनाएका छन् । उनले उक्त मुद्दा भ्रष्टाचारसँग नभई नागरिकता सम्बन्धी विषयसँग जोडिएको दाबी गर्दै अख्तियारको कदममाथि प्रश्न उठाएका छन्।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै घिमिरेले मेयर सिंह छोरीको नागरिकता बनाउने प्रक्रियामा सेवाग्राहीको भूमिकामा मात्र रहेको बताए । सेवाग्राहीले अख्तियारको अधिकार वा प्रभाव प्रयोग गर्न नसक्ने अवस्थामा भ्रष्टाचार मुद्दा दर्ता गर्नु न्यायोचित नभएको उनको भनाइ छ।

घिमिरेका अनुसार नागरिकता सम्बन्धी यही विषयमा यसअघि नै पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता भइसकेको थियो र न्यायिक प्रक्रियापछि मेयर सिंह रिहा भइसकेका छन् । न्यायालयमा विचाराधीन विषयलाई लिएर अख्तियारले पुनः मुद्दा दायर गर्नु आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको कार्य भएको उनको आरोप छ।

उनले नागरिकता सम्बन्धी विवादमा अख्तियारको भूमिका अनुसन्धान र आवश्यक सिफारिससम्म सीमित रहने तर्क गर्दै यस घटनामा राज्यशक्तिको दुरुपयोग भएको टिप्पणी गरेका छन् । साथै, यदि नागरिकता सम्बन्धी विषयलाई भ्रष्टाचारको कसुरका रूपमा व्याख्या गरिने हो भने विदेशी वा दोहोरो नागरिकता लिएका व्यक्तिहरूमाथि पनि समान मापदण्डका आधारमा कारबाही हुनुपर्ने उनको भनाइ छ।

घिमिरेले आफूहरू कानुनी प्रक्रियामा सहभागी हुने र न्यायालयप्रति पूर्ण विश्वास रहेको उल्लेख गरेका छन्। अन्ततः सत्य र न्याय अदालतबाटै स्थापित हुने विश्वास उनले व्यक्त गरेका छन्।

उता, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भने नगर प्रमुख सिंहसहित सात जनाविरुद्ध गलत लिखत तयार गरेको, सरकारी कागजात सच्याएको, सरकारी अभिलेखमा क्षति पु¥याएको तथा गलत प्रतिवेदन निर्माण गरी भ्रष्टाचारजन्य कार्य गरेको आरोप लगाउँदै विशेष अदालतमा मुद्दा दायर गरेको छ।

# रास्वपा पर्साको अधिवेशनः नेतृत्व चयनका लागि मतदाता सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साको जिल्ला अधिवेशनमा नेतृत्व चयनका लागि मतदान सुरु भएको छ। सभापति लगायतका पदमा दुइ प्यानलको उम्मेदवारी परेपछि मतदानमा जानु परेको हो।

जारी अधिवेशनमा पर्सा क्षेत्र न. १ का सांसद एवम् संस्थापक जिल्ला सभापति बुद्धिप्रसाद पन्त (हरि पन्त) नेतृत्वको संस्थापक प्यानल र पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य सुशील कुमार कानुको प्यानल प्रतिस्पर्धामा उत्रिएका हुन्।

पार्टी स्थापनाकालदेखि नै जिल्लामा संगठन निर्माणमा सक्रिय भूमिका खेलेका पन्तले आफ्नो नेतृत्वमा ’संस्थापक प्यानल’ सहित बलियो दाबेदारी प्रस्तुत गरेका छन्।

अर्कोतर्फ, सांसद सुशील कुमार कानु आफैँ सभापति पदमा उत्रिएर नयाँ प्यानल खडा गरेपछि यो निर्वाचन निकै प्रतिस्पर्धात्मक र रोचक बन्ने अनुमान गरिएको छ । पन्तको संस्थापक प्यानलबाट उप–सभापतिमा दिलिप कुर्मी, सचिवमा सुदिश कुमार प्रजापति र सह–सचिवमा कृष्णा पासवान चुनावी प्रतिस्पर्धामा छन्।

त्यस्तै, सांसद सुशील कुमार कानुको प्यानलबाट उप–सभापति पदमा रन्दिप श्रीवास्तव, सचिवमा शिव कुमार साह र सह–सचिवमा निरज साहले उम्मेदवारी दिएका छन्।

# प्रशासनीक भवन पुनः निर्माण नहुँदा सेवा प्रभावित

**मधेशदृष्टि**
**निजगढ।**
गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त भएको रौतहटको चन्द्रपुर नगरपालिकाको प्रशासनिक भवन पुनर्निर्माण नहुँदा सेवा प्रवाह प्रभावित भएको छ।

२०७५ सालमा निर्माण गरिएको सुविधासम्पन्न भवन आगलागीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएपछि नगरपालिकाले हाल भाडाको भवनबाट सेवा सञ्चालन गर्दै आएको छ । साँघुरो कार्यस्थल र पर्याप्त कार्यकक्षको अभावका कारण शाखा व्यवस्थापन तथा सेवाग्राहीलाई सेवा दिन कठिनाइ भइरहेको प्रमुख प्रशासकीय अधिकृत बद्रीराज ढकालले बताए।

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकको प्राविधिक टोलीले गरेको अध्ययनले आवश्यक संरचनात्मक सुदृढीकरण नगरी भवन पुनः प्रयोग नगर्न सिफारिस गरेको छ। नगरपालिकाले करिब तीन करोड रुपियाँ लागतमा भवन पुनर्निर्माण गर्ने योजना बनाएको जनाएको छ।

# हराएका तीन वर्षीय बालक मृत फेला, हत्या आशङ्कामा अनुसन्धान

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको सम्सी गाउँपालिका–५ पोखरभिण्डाबाट दुई दिनअघि हराएका तीन वर्षीय बालक मृत अवस्थामा फेला परेका छन् ।

शव बोराभित्र राखिएको अवस्थामा पोखरीमा भेटिएपछि प्रहरीले हत्या भएको आशङ्कामा अनुसन्धान सुरु गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोले का अनुसार स्थानीय रोहित यादवका तीन वर्षीय छोरा मनिकेश यादव शुक्रबार साँझ घरनजिकै खेलिरहेको अवस्थामा अचानक सम्पर्कविहीन भएका थिए । परिवारले आफन्त र छिमेकीको सहयोगमा खोजतलास गरे पनि बालक फेला नपरेपछि प्रहरीलाई जानकारी गराइएको थियो ।

आइतबार बिहान गाउँकै एक पोखरीमा बोरा तैरिरहेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । घटनास्थल पुगेको प्रहरी टोलीले बोराभित्र बालकको शव फेला पारेको र उक्त शव मनिकेश यादवकै भएको पुष्टि गरेको जनाएको छ ।

प्रहरीका अनुसार शव बोराभित्र राखिएको अवस्थामा भेटिएकाले घटनालाई शंकास्पद मानिएको छ । हत्या भएको हुन सक्ने कोणबाट अनुसन्धान अघि बढाइएको डीएसपी गोलेले बताए । घटनाका सम्बन्धमा थप तथ्य र प्रमाण सङ्कलनका लागि प्रहरी परिचालन गरिएको छ ।

यसैबीच, महोत्तरीमा पछिल्ला दिनहरूमा बालबालिका हराउने घटनाले स्थानीयवासीमा चिन्ता बढाएको छ । जलेश्वर नगरपालिका–१२ का आशुतोष यादवका १२ वर्षीय छोरा गौतम यादव जेठ ७ गतेदेखि तथा जलेश्वर नगरपालिका–६ का बुधवा मण्डलका १५ वर्षीय छोरा अभय मण्डल जेठ १४ गतेदेखि बेपत्ता रहेका छन् । प्रहरीले दुवै बालकको खोजी कार्य जारी रहेको जनाएको छ । लगातार बालबालिका हराउने घटनापछि स्थानीयवासीले सुरक्षा व्यवस्था थप कडा बनाउन तथा बेपत्ता बालबालिकाको खोजीलाई तीव्रता दिन माग गरेका छन् ।

# रास्वपा सिरहा अधिवेशनमा झडप, नेतृत्व चयन प्रक्रिया मंगलबारसम्म स्थगित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिरहा जिल्ला अधिवेशनमा नेतृत्व चयनको विषयलाई लिएर सोमबार अधिवेशनस्थलमै झडप भएको छ । झडपपछि जिल्ला नेतृत्व चयनका लागि जारी निर्वाचन प्रक्रिया मंगलबार बिहानसम्मका लागि स्थगित गरिएको छ ।



सिरहाको जिरोमाइलस्थित अधिवेशनस्थलमा जिल्ला कार्यसमितिको नेतृत्व चयनसम्बन्धी विवाद चर्किएपछि दुई समूहबीच धक्कामुक्की र हातपात भएको हो । झडपका क्रममा ¥याट एक्सन टिमका जिल्ला प्रमुख दिनेश थापा लगायत केही व्यक्तिमाथि हातपात भएको जनाइएको छ ।

जिल्ला नेतृत्व चयनलाई लिएर लामो समयदेखि मतभेद देखिँदै आएको थियो । अधिवेशनमा सुभाष यादव, रामसोगारथ यादव र वर्तमान सभापति हरि मैनाली सभापति पदका आकांक्षी रहेका छन् ।

आइतबार दिनभरि सर्वसम्मत नेतृत्व चयनको प्रयास भए पनि सहमति जुट्न सकेको थिएन । त्यसपछि सोमबार बिहान १० बजेदेखि निर्वाचन प्रक्रिया सुरु गर्ने निर्णय गरिएको थियो ।

तर सोमबार बिहान पनि वातावरण असहज बनेपछि निर्वाचन प्रक्रिया रोकिएको थियो । त्यसपछि निर्वाचन आयोगले दिउँसो २ः३० बजेदेखि पुनः प्रक्रिया अघि बढाउने प्रयास गरेको थियो । तर प्रक्रिया सुरु हुनासाथ निर्वाचन कार्यालय परिसरमै झडप भएपछि मतदान प्रक्रिया अवरुद्ध भएको हो ।

रामसोगारथ यादवले आफूलाई सर्वसम्मत रूपमा सभापति चयन गर्नुपर्ने अडान राख्दै आएका छन् । यता सुभाष यादव र हरि मैनाली पक्षले लोकतान्त्रिक प्रक्रियाअनुसार निर्वाचनमार्फत नेतृत्व चयन हुनुपर्ने माग गर्दै आएका छन् ।

विवाद थप चर्किएपछि पार्टीको केन्द्रीय निर्वाचन आयोगले नेतृत्व चयन प्रक्रिया तत्कालका लागि स्थगित गरेको छ । आयोगका प्रमुख भुवन केसी ले जारी गरेको विज्ञप्तिअनुसार जिल्ला अधिवेशनअन्तर्गतको निर्वाचन प्रक्रिया मंगलबार बिहान ९ बजेदेखि पुनः सञ्चालन गरिनेछ ।

अधिवेशनमा उत्पन्न विवाद र झडपपछि रास्वपा सिरहाको नेतृत्व चयन प्रक्रिया थप पेचिलो बनेको छ भने सर्वसम्मत नेतृत्व चयनको सम्भावना पनि कमजोर बन्दै गएको देखिएको छ ।

# निर्वाचन पर्यवेक्षण प्रतिवेदनः मतदान केन्द्र पुनरावलोकन गर्न माग

**काठमाडौँ ।**
आवधिक निर्वाचनका क्रममा उपयोग गरिने मतदान केन्द्र पुनरावलोकन गरिनुपर्नेमा सरोकार भएका निकायका प्रतिनिधिहरुले जोड दिएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षणको प्रतिवेदन अनावरण गर्न महिला, कानुन र विकास मञ्चले आज यहाँ आयोजना गरेको कार्यक्रममा मतदान केन्द्र पुनरावलोकन गरी सहज स्थानमा स्थानान्तरण गरिनुपर्नेमा जोड दिइएको हो । मञ्चलगायत १५ वटा संस्थाले लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षण गरेको जानकारी पनि कार्यक्रममा गराइएको थियो ।

त्यस अवसरमा निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले मतदानस्थल तथा मतदान केन्द्रको पुनरावलोकन सुरु भइसकेको बताए । पहुँच हुन नसक्ने मतदान केन्द्रका बारेमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत आयोगमा जानकारी पठाउन सकिने उनले बताए ।

आयोगले मस्यौदा गरी सङ्घीय संसद्मा प्रवेश गरेको विधेयकमा प्रत्यक्ष निर्वाचनमै ३३ प्रतिशत महिला निर्वाचित हुने गरी कानुनी व्यवस्था मस्यौदा गरी पठाइएको उनको भनाइ छ । १५ वटा संस्थाले निर्वाचन पर्यवेक्षण गरी पठाएको प्रतिवेदन आयोगको अमूल्य सम्पत्ति हुने र यसका आधारमा आगामी निर्वाचनमा सुधारका काम गरिने प्रतिबद्धता आयुक्त तुलाधरको थियो ।

समयअनुसार प्रविधिको प्रयोग बढाउने, निर्वाचनमा खटिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि लैङ्गिक, अपाङ्गता तथा समावेशीकरणसम्बन्धी तालिमलाई संस्थागत गर्ने र लैङ्गिक, अपाङ्गता तथा समावेशी सूचकका आधारमा वर्गीकृत निर्वाचन तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशनलाई थप सुदृढ बनाउने उनले बताए । महिला, युवा, अपाङ्गता भएका व्यक्ति, दुर्गम क्षेत्रका नागरिक तथा अन्य सीमान्तकृत समुदायलाई लक्षित विशेष मतदाता शिक्षा कार्यक्रम विस्तार गरिने उनको भनाइ थियो ।

मञ्चको नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाले तयार पारेको निर्वाचन पर्यवेक्षणको प्रतिवेदनका बारेमा अधिवक्ता सागर पाठकले प्रस्तुती दिनुभएको थियो । निर्वाचन हरित निर्वाचन, शान्तिपूर्ण र निष्पक्ष ढङ्गले सम्पन्न भए पनि लैङ्गिक, अपाङ्गता तथा समावेशीमैत्री प्रक्रियामा भने धेरै सुधार गर्नुपर्ने देखिएको उनले उल्लेख गरे ।

मतदान हुनु अघिको मतदानस्थल, मतदानको समय र मतगणनाको अवस्थालाई जेड–सी (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) विधिबाट पर्यवेक्षण गरी प्रतिवेदन तयार गरिएको उनले बताए । सात प्रदेशका २३ जिल्लाका ५५ स्थानीय तहको ४६ निर्वाचन क्षेत्रमा रहेको १५६ मतदान केन्द्रको प्रत्यक्ष अवलोकन गरेर प्रतिवेदन तयार पारिएको पाठकले बताए । कार्यक्रममा वरिष्ठ अधिवक्ता मीरा ढुङ्गाना, आयुक्त डा तुलाधर, मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सबिन श्रेष्ठ र अर्पणा श्रेष्ठले संयुक्त रुपमा प्रतिवेदन अनावरण गरे । निर्देशक श्रेष्ठले मतदान केन्द्र पर्याप्त सूचनाबाट वञ्चित रहेकाले आउँदा दिनमा त्यसलाई निर्वाचन आयोगले सुधार गर्ने विश्वास व्यक्त गरे । अधिकांश मतदान केन्द्रमा महिला र पुरुषको लाइन बेग्लाबेग्लै भए पनि अन्यलाई बेवास्ता गरिएको, प्राथमिक उपचारको व्यवस्था नभएको, पिउने पानी, स्तनपान कक्ष, आराम कक्ष नभएको, मतदानस्थल अपाङ्गतामैत्री नभएको र मतदानपछि फर्किने बाटोमा वृद्धा र अशक्तका लागि ध्यान नपु¥याइएको कार्यकारी निर्देशक श्रेष्ठको भनाइ थियो । अबका दिनमा निर्वाचन आयोगले यस्ता कुरामा ध्यान पुऱ्याउने उनको विश्वास थियो ।

# बर्दिबासमा 'पृतनापति ट्रफी–२०८३' सुरु आठ खेलमा सैनिक प्रतिस्पर्धा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली सेनाको मध्यपूर्वी पृतनाअन्तर्गत 'पृतनापति ट्रफी–२०८३' बर्दिबास सैनिक शिविरस्थित खेलमैदानमा सुरु भएको छ ।



प्रतियोगितामा मधेश प्रदेशका आठ जिल्ला तथा बागमती प्रदेशका रामेछाप, सिन्धुली र दोलखा गरी ११ जिल्लामा तैनाथ बाहिनी तथा गणहरूबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताअन्तर्गत फुटबल, भलिबल, बास्केटबल, स्विमिङ, जुडो, तेक्वान्दो, एथ्लेटिक्स र बक्सिङ गरी आठ विधाका खेलहरू सञ्चालन हुनेछन् । प्रतियोगिता असार ५ गतेसम्म जारी रहने जनाइएको छ ।

प्रतियोगिताको उद्घाटन मध्यपूर्वी पृतनाका पृतनापति भुवन खत्रीले गरेका हुन् । गत वर्षको प्रतियोगिताका च्याम्पियन ९ नं. बाहिनी अड्डाका बाहिनीपति भूमिभक्त बराल ले पृतनापतिलाई टर्च हस्तान्तरण गरेका थिए ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपरथी खत्रीले खेलकुदले सैनिकहरूमा अनुशासन, सहनशीलता, प्रतिस्पर्धात्मक भावना तथा नेतृत्व क्षमताको विकास गर्ने बताए । उनले खेलकुदलाई सैनिक जीवनको महत्वपूर्ण अंगका रूपमा समेत व्याख्या गरे ।

कार्यक्रममा मध्यपूर्वी पृतनाअन्तर्गत रहेका ९, २७ र २८ नम्बर बाहिनी अड्डाका बाहिनीपतिहरू, विभिन्न सुरक्षा निकायका प्रदेश प्रमुखहरू, पृतनाअन्तर्गत ११ जिल्लामा तैनाथ गणका गणपतिहरू तथा युद्ध मद्दती र युद्ध सेवा मद्दती युनिटका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

उद्घाटन अवसरमा सहभागी खेलाडीहरूले मार्चपास प्रदर्शन गरेका थिए । साथै नेपालको विविध जातीय, सांस्कृतिक तथा भौगोलिक पहिचान झल्काउने सातै प्रदेशका सांस्कृतिक झाँकी प्रस्तुत गरिएको थियो ।

यसका अतिरिक्त आत्मरक्षासम्बन्धी सीप प्रदर्शन गर्ने उद्देश्यले अनआम्र्ड कम्ब्याट ड्रिलअन्तर्गत तेक्वान्दो र आइकिदोको प्रदर्शनी गरिएको थियो । नेपाली सेनाको वीरता र परम्परालाई झल्काउने खुकुरी ड्रिल पनि कार्यक्रममा आकर्षणको केन्द्र बनेको थियो ।

प्रतियोगिताले सैनिकहरूबीच आपसी सद्भाव, शारीरिक क्षमता अभिवृद्धि तथा व्यावसायिक दक्षता विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# चित्रपुरमा आँप महोत्सवः आँपको स्वाद चखाउने र चिनाउने कार्य एकैसाथ

**धनुषा ।**
धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा आगामी असारको पहिलो साता आँप महोत्सव हुने भएको छ ।



स्थानीय उत्पादनको प्रवद्र्धन, कृषकको आयआर्जन वृद्धि तथा कृषि पर्यटनको विकास गर्ने उद्देश्य तीनदिने आँप मेला महोत्सव हुन लागेको हो । चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डको आयोजनामा आगामी असार ५ देखि ७ गतेसम्म हुने महोत्सवमा विभिन्न स्थानीय जातका आँप तथा आँपबाट तयार गरिएका परिकार राखिनेछ ।

महोत्सवका अवसरमा आगन्तुक तथा पर्यटकलाई आँप बगैँचा अवलोकन गराउने, विभिन्न जातका आँपबारे जानकारी दिने, रूखबाटै आँप टिप्ने अनुभव दिलाउने तथा आँपबाट बन्ने परिकारबारे जानकारी गराउने कार्यक्रम राखिएको छ ।

साथै इच्छुक आगन्तुकले शुल्क तिरेर बगैँचाबाटै ताजा आँप खरिद गर्न सक्नेछन् ।

आयोजकका प्रतिनिधि दीपेन्द्र सिंहका अनुसार महोत्सवमार्फत चित्रपुरलाई आँप उत्पादन केन्द्रका रूपमा चिनाउने, स्थानीय कृषकलाई बजारसँग जोड्ने तथा कृषि पर्यटनलाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ ।

महोत्सव तयारीबारे जानकारी दिँदै आयोजक समितिका सदस्य प्रदीप महतोले स्थानीय कृषकले उत्पादन गरेका आँप तथा त्यसबाट निर्मित परिकारलाई एकै स्थानमा प्रदर्शन गरी उपभोक्ता र उत्पादकबीच प्रत्यक्ष सम्पर्क स्थापित गरिने बताए ।

उनका अनुसार महोत्सवले चित्रपुर क्षेत्रमा कृषि सम्भावना र स्थानीय उत्पादनलाई राष्ट्रियस्तरमा परिचित गराउन सहयोग पुग्नेछ । महोत्सवमा अचार, अमोट, आमिल, जुसलगायत आँपजन्य परिकारको प्रदर्शनी समेटिनेछ । पछिल्लो समय चित्रपुरका किसानको मुख्य आम्दानीको स्रोत आँपखेती बनेको छ ।

त्यस गाउँमा करिब ३०० बिघाभन्दा बढी क्षेत्रफलमा व्यावसायिक रूपमा आँपखेती गरिएको छ । त्यहाँका अधिकांश किसानसँग आफ्नै आँप बगैँचा रहेको छ । यहाँ उत्पादन हुने आँप धनुषासहित मधेश प्रदेशका विभिन्न जिल्लामा बिक्री हुदै आएको छ ।

महोत्सवमा सहभागी हुने पर्यटकलाई आँप चखाउने मात्र नभएै विद्यार्थीलाई विभिन्न जातका आँप चिनाउने, बगैँचामा भ्रमण गराउने तथा कृषि र फलफूल उत्पादनप्रति आकर्षित गर्ने उद्देश्य राखिएको छ ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत मिथिला नगरपालिकाको ढल्केबर र जमुनिबास क्षेत्रबाट करिब चार किलोमिटर दूरीमा रहेको चित्रपुर मधेश प्रदेशकै महत्वपूर्ण आँप उत्पादन क्षेत्रका रूपमा परिचित छ । यहाँको हावापानी र माटो आँपखेतीका लागि अनुकूल मानिने भएकाले वर्षेनि ठूलो परिमाणमा आँप उत्पादन हुँदै आएको छ ।

स्थानीय तह, कृषक तथा सरोकारवाला निकायको सहकार्यमा आयोजना हुने महोत्सवले त्यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र ग्रामीण पर्यटन प्रवद्र्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# सञ्चारकर्मी तथा सरोकारवालाको हस्ताक्षर बुझाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारद्वारा लागू गरिएको सूचना तथा विज्ञापनसम्बन्धी नीतिको विरोधमा पर्साका सञ्चारकर्मी तथा सरोकारवालाले सङ्कलन गरेको हस्ताक्षरसहितको ज्ञापनपत्र प्रधानमन्त्रीसमक्ष पठाइएको छ। नेपाल पत्रकार महासंघ पर्साको अगुवाइमा सञ्चालित हस्ताक्षर अभियानअन्तर्गत सङ्कलित हस्ताक्षर सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामार्फत प्रधानमन्त्रीलाई पठाइएको हो । महासंघ पर्साका सचिव विजय महतो को नेतृत्वमा गएको सञ्चारकर्मीहरूको टोलीले जिल्ला प्रशासन कार्यालय पुगेर सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापा लाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्रमा सरकारले लागू गरेको सूचना तथा विज्ञापन नीतिले विशेषगरी मोफसलका सञ्चारमाध्यमलाई प्रत्यक्ष असर पार्ने उल्लेख गर्दै नीति पुनरावलोकन गरी संशोधन गर्न माग गरिएको छ । विज्ञापन वितरण तथा सरकारी सूचनाको पहुँचमा असमानता सिर्जना गर्ने प्रावधानहरूले स्थानीय सञ्चारमाध्यमको अस्तित्व नै सङ्कटमा पार्न सक्ने भन्दै त्यसतर्फ सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ । सञ्चारकर्मीहरूले प्रेस स्वतन्त्रता, समान अवसर तथा सञ्चारमाध्यमको दिगो विकासका लागि विभेदकारी व्यवस्था हटाउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

# सचिवको जिम्मेवारी हेरफेर

**काठमाडौँ ।**
सरकारले विभिन्न १८ मन्त्रालयको संख्या कायम गरेसँगै सचिवहरुको जिम्मेवारी हेरफेर र सरुवा गरेको छ ।




सरकारले स्वीकृत गरेको नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ ले साविकको २२ मन्त्रालयबाट १८ कायम भएअनुसार सचिवहरुको दरबन्दी मिलान गरिएको हो ।

दुई वटा सचिवको दरबन्दी भएका मन्त्रालयमा दरबन्दी घटाइ एक मात्र कायम गर्ने गरी कूल २३ जना सचिवको पदस्थापन र जिम्मेवारी हेरफेर गरिएको छ ।

छ सचिवको विभिन्न निकायमा कार्यभार तोकी सरुवा गरिएको छ । नयाँ जिम्मेवारीअनुसार सचिव भुपाल बराललाई गण्डकी प्रदेश, चन्द्रकला पौडेललाई उपराष्ट्रपति कार्यालय, प्रमिलादेवी बज्राचार्यलाई विज्ञान, प्रविधि र नवप्रवर्तन मन्त्रालय, दिनानाथ मिश्रलाई राष्ट्रिय सतर्कता केन्द्र, चीरञ्जिवी चटौतलाई नेपाल ट्रष्टको कार्यालय र सरजुकुमार वैद्यलाई जल तथा ऊर्जा आयोगको सचिवालयमा सरुवा गरिएको छ ।

यसअघि अर्थ, ऊर्जा, जलस्रोत तथा सिँचाइ, उद्योग वाणिज्य तथा आपूर्ति, कृषि तथा पछुपन्छी विकास, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा दुई–दुई जना सचिव रहेका थिए ।

छ जना सचिवलाई अतिरिक्त समूहमा राखिएको छ । अतिरिक्त समूहमा लोकनाथ पौडेल (साविकको युवा तथा खेलकुद मन्त्रालय), कृष्णहरि पुष्कर (उपराष्ट्रपति कार्यालय), हरिप्रसाद मैनाली (सार्वजनिक खरिद अनुगमन कार्यालय), डा. गोविन्दप्रसाद शर्मा (साविकको वन तथा वातावरण मन्त्रालय), डिल्लीराम शर्मा (साविक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) र डण्डुराज घिमिरे (हाल निलम्वन) छन् । सचिव डा. गोविन्दप्रसाद शर्मालाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको समन्वय गर्ने विशेष जिम्मेवारीसहित अतिरिक्तमा ल्याइएको हो ।

अतिरिक्त समूहका अर्को एक जना सचिवलाई सूचना प्रविधि (आइटी) को समन्वय हेर्ने गरी नयाँ जिम्मेवारी दिने तयारी भइरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन